जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक ३०३ | २०८० साल असार २९ गते शुक्रबार | (14 July 2023 Friday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : सुर्तीजन्य पदार्थबाट उठने करको ३ पृष्ठमा : निर्वतमान उपाध्यक्ष गुप्तासहित ९.. ३ पृष्ठमा : बाढीपीडित महिलाद्वारा ...

# भुक्तानी रकम दिलाउने प्रतिबद्धतापछि राविनपाको तालाबन्दी तथा धर्ना कार्यक्रम स्थगित




**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

राजविराज नगरपालिकामा चार दिनदेखी लागेको ताला बिहीबार विकास निर्माण कामको बाँकी भुक्तानी रकम दिलाउने प्रतिबद्धतापछि खोलिएको छ ।

विकास निर्माणको काम सकिएपनि भुक्तानी नदिएको भन्दै चार दिन देखि विभिन्न उपभोक्ता समितिका पदाअधिकारी तथा फर्मका संचालकहरु नगरपालिका कार्यालयमा तालाबन्दी गरी मुख्यद्वारमै धर्नामा बसेका थिए ।

कार्यवाहक नगर प्रमुख इसरत परविनले सो प्रतिबद्धता व्यक्त गरेपछि उपभोक्ता समिति तथा विभिन्न फर्मका संचालकले चार दिनअघि गरेको तालाबन्दी तथा धर्ना कार्यक्रम स्थगित गरेका छन् ।

कार्यवाहक नगरप्रमुख परविनले आन्दोलनरत पक्षसँग वार्ता गरी नगरक्षेत्रमा सम्पन्न भएका कामहरुको भुक्तानीको लागि आफुहरुले पहल गर्ने प्रतिबद्धता जनाएपछि तत्कालका लागि आन्दोलन स्थगन गरिएको उपभोक्ता समितिका अध्यक्ष मध्येका एक लक्ष्मण यादवले बताए ।

सडक बोर्डका योजना, सर्शत अनुदान अन्तर्गतका योजना, वडास्तरीय योजनासहितका विभिन्न योजनाको सम्पन्न भइसकेका कामको अनुगमन गरी भुक्तानीका लागि पहल गर्ने कार्यवाहक प्रमुख परबिनले प्रतिबद्धता जनाएको अर्का उपभोक्ता समितिका अध्यक्ष विनोद यादवले बताए ।

गत सोमवारदेखि तालाबन्दी गरी कार्यालयको मुल गेटमै धर्नामा बसेपछि नगरपालिकाको सबै कामकाज ठप्प भएको थियो ।

# नागरिकता प्रकरणमा : उपप्रमुख यादवलाई अनुसन्धानका लागि पुनः चार दिन म्याद थप

**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

दुई देशको नागरिकता लिएको प्रकरणमा पक्राउ परेकी सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिराकुमारी यादवलाई अनुसन्धानका लागि तेश्रो पटक म्याद थप गरिएको छ ।



सप्तरी जिल्ला अदालतले पहिलो पटक गत बिहीबार अनुसन्धानका लागि तीन दिनको म्याद थप गरेकोमा दोश्रो पटक आइतबार पाँच दिन र तेश्रो पटक बिहीबार चार दिनका लागि म्याद थप गरेको छ ।

नेपाल र भारतको नागरिकता लिएको आरोपमा सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिरा कुमारी यादवले असार २० गते आफै जिल्ला प्रहरी कार्यालय सप्तरीमा हाजिर भएकी थिइन् ।

सोही कसुरका आरोपी उनका श्रीमान् महेन्द्र भने फरार रहेको र उनको खोजिकार्य भइरहेको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिए ।

उपप्रमुख मिरा र उनका पति महेन्द्र बिरुद्ध नागरिकता सम्बन्धी कसुर मुद्दामा जेठ ५ गते सप्तरी जिल्ला अदालतबाट परमादेश जारि भएपछि असार १७ गते जिल्ला प्रहरी कार्यालयले मुद्दा दर्ता गरेको थियो ।

उपप्रमुख मिराकुमारी यादव र उनका पति महेन्द्रकुमार यादव भारतको बिहारस्थित मझारी पञ्चायत अन्तर्गतको मझारी गाउँका स्थानीय भएको दाबी गर्दै २०७९ साउनमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेको थियो । मिरा, महेन्द्रसहित उनीहरुका सन्तानले समेत झुठा विवरण पेस गरेर नेपाली नागरिकता लिएको उजुरीमा उल्लेख छ ।

भारतको मतदाता सूचीमा मिराको नाम रहेको दाबी उजुरीमा गरिएको छ । अनुमण्डलीय न्यायालय, निर्मलीमा महेन्द्र र मिराले पेस गरेको शपथपत्र तथा भारतको निर्वाचन आयोगबाट लिएको पहिचान पत्र समेतबाट उनीहरू भारतीय रहेको प्रमाण पनि उजुरीमा समावेश गरिएको छ ।




# श्रमिकको तलब २५ हजार निर्धारण माग गर्दै प्रदर्शन र ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

मासिक पारिश्रमिक न्यूनतम २५ हजार निर्धारण गर्नुपर्ने माग गर्दै नेपाल ट्रेड यूनियन काँग्रेस सप्तरीको अगुवाईमा बिहीबार प्रदर्शन गर्दै ज्ञापनपत्र बुझाइएको छ ।

श्रमिकहरुको जीवनयापनमा सहजताका लागि सो प्रदर्शन पश्चात् प्रमुख जिल्ला अधिकारी मार्फत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई ज्ञापन पत्र पठाइएको हो ।

ट्रेड यूनियनका जिल्ला अध्यक्ष मनोज कुमार मण्डल नेतृत्वको टोलीद्वारा प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा मार्फत पठाइएको ज्ञापन पत्रमा वर्तमान समयको मूल्य वृद्धि र महगीलाई ध्यानमा राखी श्रमिकहरुको जीवन सहजताका लागि न्यूनतम पारिश्रमिक २५ हजार निर्धारण गरिनु पर्ने माग गरिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

**चट्याङको समयमा सतर्क रहौं ।**

चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### शौचालय छ, तर, प्रयोगविहीन !

राजविराज नगरपालिका क्षेत्र भित्र चार स्थानमा शौचालय निर्माण गरिएको छ। चार वटै नगरपालिका कार्यालय वरिपरि नै। त्यसमध्ये दुई स्थानको शौचालय मात्र प्रयोगमा रहेका छन्। बाँकी दुई स्थानमा निर्माण गरिएको शौचालय प्रयोगमा आउनु अघि नै फोहर र दुर्गन्धित बनेको छ। गत आर्थिक वर्षको अन्तिम समयमा दुई वटा शौचालय निर्माण गरिएको थियो। मधेश सरकारको बजेटबाट निर्माण गरि एका दुई वटै शौचालय प्रयोगमा आउनु अघि नै प्रयोगविहीन अवस्थामा रहेका छन्। ती शौचालयको पूर्ण रुपमा काम समेत सम्पन्न भएको छैन्।

एउटा शौचालय रंगशालाको कुनामा र अर्को नगरपालिका कार्यालयको मूल गेट अगाडी विद्यालयको झ्याल बन्द गरेर। यसरी दिर्घकालिन सोच बिना र औचित्यहीन तरिकाले निर्माण गरि एका ती शौचालयको कुनै अस्तित्व छैन्। मात्र बजेटको दुरुपयोग गरिएको देखिन्छ। यसप्रति नगरपालिकाको थोरै पनि ध्यान पुगेको देखिन्न्। बजार क्षेत्र भित्र हिडडुल गर्ने बटुवाहरु शौचालय नरहेको नगरको खुल्ला स्थान वा नालामै पिसाब गर्न बाध्य छन्। चारवटै शौचालय कार्यालय समयअवधीमा खुल्ला हुने र बन्द हुने गरेको छ।

यता नगरपालिका क्षेत्रभित्र उचित शौचालय समेतको व्यवस्था नहुनुले झन सहर दुर्गन्धित हुँदैगएको छ। मानिसहरु शौचालयको अभावमा जताभावि दिशापिसाब गर्नाले वातावरण दुषित भइरहेको छ। सहरमा भएका सार्वजनिक शौचालयहरु जति छन् त्यो पनि सरसफाइको अभावमा दुषित भएको छ। तसर्थ नगरपालिकाले सार्वजनिक शौचालय देख्ने स्थानमा वा बढी भिडभाड हुने स्थानमा निर्माण गर्नेतर्फ गम्भिरता दिनुपर्ने अवस्था रहेको छ।

# सुर्तीजन्य पदार्थबाट उठने करको रकम स्वास्थ्य मन्त्रालयले प्राप्त गर्नुपर्छ

काठमाडौँ, २८ असार (रासस)। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले सुर्तीजन्य पदार्थमा लाग्ने करबापत प्राप्त हुने सबै रकम स्वास्थ्य मन्त्रालयले प्राप्त गर्नुपर्ने बताउनुभएको छ।

राष्ट्रियसभाको बिहीबार बसेको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिने क्रममा उहाँले सुर्तीजन्य पदार्थमा लाग्ने कर स्वरुपको झण्डै रु छ अर्ब स्वास्थ्य मन्त्रालयले पाउनुपर्ने माग गर्नुभएको हो।

अहिले मन्त्रालयले सुर्तीजन्य पदार्थमा लाग्ने करबापत प्राप्त हुने रु चार अर्ब मात्र प्राप्त गरेको उहाँको भनाइ छ। उहाँले करबाट प्राप्त रकमबाट चिकित्सक तथा स्वास्थ्यकर्मीको दरबन्दी थप्न सकिने बताउनुभयो। उहाँले भन्नुभयो, "मन्त्रालयसँग एक चौथाइ दरबन्दी पनि छैन, म २२ वर्षअघि यस मन्त्रालयमा आउँदा ३३ हजार कर्मचारीको सङ्ख्या अहिले ३१ हजारमा सीमित छ।"

उहाँले स्वास्थ्य सेवाको विस्तार गर्न स्वास्थ्यका भौतिक पूर्वाधारसँगै स्वास्थ्यको जनशक्तिको आवश्यकता उत्तिकै भएको जनाउँदै दरबन्दी थप्न आवश्यक भएको औँल्याउनुभयो। "वडास्तरसम्म स्वास्थ्य सेवाको सहज पहुँच पुर्‍याउने व्यवस्था हुँदै गर्दा स्वास्थ्य उपकरणसँगै स्वास्थ्य जनशक्तिको व्यवस्थापनका लागि पनि रु छ अर्ब रकम यस मन्त्रालयले प्राप्त गर्नुपर्दछ", उहाँले भन्नुभयो।

मन्त्री बस्नेतले जथाभावी कर्मचारी नियुक्ति हुँदा अहिले समस्या देखिएको बताउनुभयो। उहाँले भद्रगोल कर्मचारी व्यवस्थापनलाई व्यवस्थित बनाउन मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मीको कामकाज व्यवस्थापन सम्बन्धमा दिएको सात बुँदे निर्देशन कडाइका साथ लागू गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

"सबै चिकित्सकलाई राजधानी चाहिएको छ", उहाँले भन्नुभयो, "कर्मचारी व्यवस्थापनसम्बन्धी निर्देशनलाई कडाइका साथ कदम चालेन भने मन्त्रालय सुधार्नसक्ने अवस्था छैन।" उहाँले बेथिति हटाउनका लागि जोखिमका साथ कदम उठाएको जनाउँदै सदनको समेत सहयोगका लागि अपिल गर्नुभयो।

उहाँले भन्नुभयो, "रु ९५ करोड एकमुष्ठ ल्याएर फाजिलका कर्मचारीलाई तलब दिइयो, अर्को वर्ष यही अवस्था छाड्ने हो भने रु डेढ अर्ब रकम आवश्यक हुन्छ, राज्यले धान्न सक्ने अवस्था छैन।" बैठकमा सांसदको प्रश्नको जवाफ दिने क्रममा उहाँले 'भिभिआइपी'को उपचारसमेत देशभित्रै गर्ने व्यवस्थाका लागि विशेषज्ञ चिकित्सकको समूह बनाउने तयारीबारे जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "सातै प्रदेशस्तर र सङ्घीयस्तरमा सबै विधाका विशेषज्ञ चिकित्सकको टोली बनाउने र भिभिआइपी कसैलाई पनि उपचार गर्नुपर्ने स्थितिमा सबैभन्दा पहिलो त्यो मेडिकल टोलीले उपचार गर्ने निर्णय गरेका छौँ, त्यो टोलीको सुझावका आधारमा मात्र देशबाहिर उपचार गर्न सिफारिस गरिनेछ।"

यस्तै उहाँले चिकित्सा शिक्षा विधेयकका कारण नर्सिङ, प्यारामेडिक्स र चिकित्सकको उत्पादन कमजोर बन्दै गएको जनाउँदै नयाँ नीति निर्माण गर्नेबारे आवश्यकता औँल्याउनुभयो। सदनमा उहाँले सङ्घीयस्तरका अस्पतालमा १० प्रतिशत निःशुल्क शय्याको लागू गरेको विषयमा समेत जानकारी गराउनुभएको थियो।

# सङ्घीय संसद्का दुवै सदनबाट बजेट पारित

काठमाडौँ, २८ असार (रासस)। सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) सङ्घीय संसद्का दुवै सदनबाट पारित भएको छ। राष्ट्रियसभाको बिहीबारको बैठकले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८० बहुमतले पारित गरेको हो।

बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। त्यसअघि विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न शीर्षकमा प्रस्तुत खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको थियो।

बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न शीर्षकमाथिको छलफलमा उठेका प्रश्नका सम्बन्धित मन्त्रीले जवाफ दिनुभएको थियो।

प्रतिनिधिसभाबाट यही असार १३ गते आगामी आवको बजेट पारित भएको थियो। सरकारले गत जेठ १५ गते सङ्घीय संसद्का दुवै सदनमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेको थियो। सङ्घीय संसद्का दुवै सदनबाट बजेट पारित भएसँगै आगामी साउन १ गतेदेखि बजेट कार्यान्वयनको बाटो खुलेको छ। राष्ट्रियसभाको अर्को बैठक बिहीबारै १३ मिनेटपछि बस्ने गरी स्थगित भएको छ।

# संघीय निजामती सेवा ऐन छिट्टै ल्याउँछौं : मन्त्री मोदी

काठमाडौँ, २८ असार (रासस)। सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले सङ्घीय निजामती सेवा ऐन छिट्टै आउने बताउनुभएको छ।

राष्ट्रियसभाको बिहीबार बसेको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत सङ्घीय मामिला तथा सामान्य प्रशासनसम्बन्धी विभिन्न शीर्षकमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिने क्रममा मन्त्री मोदीले सरकार सङ्घीय निजामती सेवा ऐनप्रति गम्भीर भएको भन्दै छिट्टै ऐन ल्याउने बताउनुभएको हो।

उहाँले भन्नुभयो, "सङ्घीय निजामती सेवा ऐन चाँडै नै आउछ। कुनै किसिमको चिन्ता लिन पर्दैन, जसरी पनि ल्याउनेछौँ।" उहाँले उक्त ऐनमाथि धेरै पटक छलफल भएको भन्दै ऐन आउनेमा विश्वस्त हुन आग्रह गर्नुभयो।

मन्त्री मोदीले आगामी साउनदेखि कर्मचारी समायोजनलाई कडाइका साथ लागू गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

"विकट र अति दुर्गम ठाउँमा कर्मचारीको अभाव छ", उहाँले भन्नुभयो, "तर सुगममा राज्यले तलब खुवाउन नसक्ने गरी करार र समायोजन भए पनि जाने कर्मचारी अत्यधिक छन्। साउन १ गतेदेखि समायोजनमा अझ कडाइ गरिनेछ।"

उहाँले एक लाख ३७ हजार कर्मचारीमध्ये सङ्घ अन्तर्गत ५३ हजार कर्मचारी समायोजन गरेको बताउनुभयो।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


## शिक्षा



**स्वस्तिका गुप्ता**
कक्षा - ९
भ्याली भ्यु स्कुल
मध्य बानेश्वर, काठमाडौं

ज्ञान, सीप र समृद्धिको माध्यम नै हो शिक्षा
बुद्धि, विवेक, मानविय आचरण र गुण देखाउने माध्यम नै हो शिक्षा
विकास जीवनको, समाजको वा राष्ट्रको सबैको मार्ग नै हो शिक्षा

कार्य, कुशलता, सीप तथा अनुशासन सबैको मार्ग नै हो शिक्षा
जीवनयापन, राम्रो-नराम्रो र असल-खराब छुट्याउन माध्यम हो शिक्षा
नवीन सिर्जना, रचना, विचार र अविष्कार सबैले गर्नुपर्ने अनुशरण नै हो शिक्षा

यो जगतमा उज्यालो किरण सरी छर्ने मुख्य तत्व हो शिक्षा
मानव जातिको तेश्रो चम्किलो आँखा हो शिक्षा
इमान्दार, सभ्य र असल नागरिक बन्न चाहिने महत्वपूर्ण तत्व हो शिक्षा

त्यसैले शिक्षा नै हो जीवनको मुख्य सार।
शिक्षा नै हो समाज विकासको मुख्य आधार॥
धन्यवाद।
(भानु जयन्तिको अवसरमा पुरस्कृत कविता)

# निर्वतमान उपाध्यक्ष गुप्तासहित ९ जना भ्रष्टाचार मुद्दामा दोषी ठहर

**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

सप्तरीको बलान विहुल गाउँपालिकाकी निर्वतमान उपाध्यक्ष रुवी गुप्तासहित ९ जनालाई भ्रष्टाचार मुद्दामा विशेष अदालतले दोषी ठहर गरेको छ ।

विशेष अदालतले बलान विहुल गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत महेशकुमार यादव, योजना शाखा प्रमुख रमेश मरिक यादव, प्राविधिक शाखा प्रमुख सवइन्जिनियर सन्तोषकुमार रजक र सहलेखापाल सुभाष चन्द्र



लाललाई दोषी ठहर गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गुप्तासहित ९ जना विरुद्ध २०७९ वैशाख ४ गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो । बलान विहुल गाउँपालिका वडा नम्बर ४ को वडा कार्यालय भवन निर्माणमा भ्रष्टाचार गरेको दाबी सहित आयोगले मुद्दा दायर गरेको थियो ।

फिल्डमा देखिएको भन्दा नापी किताबमा बढी देखाएर भुक्तानीको लागि कागजात पेस गरेको पाइएपछि अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको थियो । आर्थिक वर्ष २०७५/०७६ को विनियोजित रकममध्ये बलान विहुल गाउँपालिका वडा नम्बर ४ को अधुरो वडा कार्यालय भवन निर्माण सम्पन्न भई सेवाप्रवाह भइरहे पनि कामभन्दा बढी भुक्तानी भएको आयोगको दाबीलाई विशेष अदालतले पनि उचित ठहर गरेको छ ।

फिल्डमा नभएको/नगरेको कामको मूल्यांकन गरी गलत कार्य सम्पन्न प्रतिवेदन तयार गरेको अख्तियारको दाबी थियो। अख्तियारले उनीहरुसँग १० लाख ५ हजार ४९७ रुपैयाँ बिगो दाबी गरेको थियो ।

बलान विहुल गाउँपालिका वडा नं. ४ वडा कार्यालय भवन निर्माण उपभोक्ता समितिका तत्कालीन अध्यक्ष सुशीलकुमार यादव, कोषाध्यक्ष रम्भादेवी यादव र सचिव शिवशंकर मण्डलले फिल्डको कार्यभन्दा बढी मूल्यांकन गरी कार्यसम्पन्न भयो भनी सम्झौता विपरीत कार्य गरी भुक्तानी माग गरेको अख्तियारले विषेश अदालतमा पेश गरेको मिसिलमा उल्लेख गरिएको थियो ।

## विदेश जान लागेका १५६ लाई विमानस्थलबाट फर्काइयो

काठमाडौं २८ असार (रासस) ।

कागजातहरु शङ्कास्पद देखिएपछि कुवेतलगायत मुलुक जान लागेका १५६ जनालाई विमानस्थलबाट फर्काइएको छ ।

त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका अनुसार कागजात दुरुस्त नभएपछि शङ्का लागेर यही असार २५ गते ३७, असार २७ गते १०१ र बिहीबार १८ जना गरी १५६ जनालाई फर्काइएको हो ।

उक्त कार्यालयका वरिष्ठ अध्यागमन अधिकृत झङ्कनाथ ढकालले उनीहरुको भिसा परीक्षण गर्दा कतिपयको 'वेटिङ फर एप्रुभ' भनेको भेटिएको, कतिपयको व्यक्तिगत श्रम स्वीकृतिमा जान लागेको देखिएको तर राजदुतावासबाट श्रम स्वीकृतिको बोधार्थ प्राप्त नभएको तथा एउटा देशमा जाने भनेर कागजात पेश गरिएको तर उसको भिसा अर्कै देशको रहेको पाइएकोलगायतका समस्याहरु देखिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "यी कागजातहरु सही हुन पनि सक्छन् र गलत हुन पनि सक्छन्, तर कागजात शङ्कास्पद देखिएकाले रोकिएका छन्, यस विषयमा वैदेशिक रोजगार विभाग, परराष्ट्र मन्त्रालयसँग समन्वय गरेरमात्रै के रहेछ निर्क्योल हुनेछ ।"

त्यसअघि जोर्डन जान लागेका १५ जनालाई पनि यसैगरी फिर्ता गराइएको थियो । उनीहरुको विषयमा पनि निर्णय भइसकेको छैन ।


### राजविराज नगरपालिका ७ नं. वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ०७ वस्ने स्व.रामेश्वर चौधरीको बुहारी बैजनाथ दासको छोरी लक्ष्मी चौधरीको पत्नी राम दुलारी चौधरीको मिति २०७९/०४/२९ गते आफ्नै कालगतीले स्वर्गवास भएको हुनाले मृतकको पत्नी लक्ष्मी चौधरीले तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरी भनी मिति २०८०/०३/२७ गते मा द.न.१००२ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

**स्व.राम दुलारी चौधरीको नाउँमा दर्ता कायम रहेको जग्गा**

| सि.न | जिल्ला | गा.वि.स./नपा | वडा नं | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | सप्तरी | सितापुर | १ ख | ३४८ | ०-११-८ |

**सुभाष चन्द्र यादव**
**वडा अध्यक्ष रा.वि.न.पा.७**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्दि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


# विश्व समाचार

## बाढीपीडित महिलाद्वारा सांसदलाई थप्पड !

कैथल (हरियाणा), २८ असार (रासस/एएनआई) ।

हरियाणाको कैथल जिल्लाका एक जना बाढीपीडित महिलाले बुधबार जननायक जनता पार्टी (जेजेए)का सांसद ईश्वर सिंहलाई थप्पड हानेकी छन् ।

सांसद सिंह कैथलको गुहला क्षेत्रमा बाढी प्रभावित क्षेत्रको स्थलगत निरिक्षणमा रहेका बेला एक जना बाढीपीडित महिलाले 'तिमी अहिले किन आयौ ?' भन्दै भीडबाट निस्केर थप्पड हानेकी हुन् । पानीको सुमचित व्यवस्था नहुँदा बाढी आएकामा क्रुद्ध उनले सांसदलाई पिटेकी हुन् ।

उक्त घटनाको भिडियो पनि सामाजिक सञ्जालमा भाइरल भएको छ । भिडियोमा महिला र अन्य स्थानीयले 'तिमी अहिले किन आयौ ?' भनेको सुनिन्छ । सांसद सिंहलाई उनका निजी सुरक्षा अधिकारीले उद्धार गरेका थिए । घटनापछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले महिलालाई माफ गरिदिएको र उनीविरुद्ध कुनै कानुनी कारवाही नगर्ने बताए ।

हरियाणामा अविरल वर्षाका कारण आएको बाढीका कारण १० जनाको ज्यान गएको छ र मुख्यमन्त्री मनोहर लाल खट्टरले बुधबार ज्यान गुमाउनेको सङ्ख्या बढ्न सक्ने बताएका छन् । मुख्यमन्त्रीले बाढीमा परी ज्यान गुमाएकाका परिवारलाई रु चार लाख राहतस्वरुप प्रदान गरिने घोषणा पनि गरेका छन् ।

विगत चार दिनदेखि हरियाणामा मात्र नभई हिमाचल प्रदेश, उत्तराखण्ड र पञ्जाबमा लगातारको वर्षाले राज्यका केही जिल्लामा जनजीवन अस्तव्यस्त भएको छ । हालसम्म ९१ जनाले ज्यान गुमाएका सरकारी अधिकारीले बताएका छन् । हिमाचलको सिप्तीमा अलपत्र परेका तीन सय पर्यटकको उद्धारको प्रयास भइरहेको छ । प्रतिकूल मौसमका कारण हेलिकप्टर अवतरण गर्न कठिनाइ भएको छ ।

## केन्यामा कर वृद्धिको विरोधमा प्रदर्शन : छ जना मारिए

नैरोबी, २८ असार (रासस/एएफपी) ।

केन्यामा कर वृद्धिको विरोधमा भएको प्रदर्शनमा छ जनाको मृत्यु भएको छ । केन्यामा कर वृद्धिको विरोधमा प्रतिबन्धित प्रदर्शनमा सहभागी विपक्षी दलका कार्यकर्ता र प्रहरीबीच बुधबार भएको झडपमा छ जनाको मृत्यु भएको प्रहरी अधिकारीले एएफपीलाई बताएका छन् ।

देशका हिंसात्मक घटना बढेपछि गृहमन्त्री किथुरे किन्डिकीले राज्यमा अशान्ति मच्चाउनेहरुलाई सख्त कारवाही गर्ने चेतावनी दिएका छन् । "मानिसको अमूल्य जीवन गएको छ, दर्जनौं कानून कार्यान्वयन अधिकारी र नागरिक गम्भीररूपमा घाइते भएका छन् । देशको अर्थतन्त्रमा अकल्पनीय क्षति भएको छ," विरोध प्रदर्शनका क्रममा भएका व्यापक हिंसा, लुटपाट, निजी र सार्वजनिक सम्पत्तिको क्षतिप्रति निन्दा गर्दै उनले एक विज्ञप्तिमा भनेका छन् ।

"दण्डहीनताको संस्कृति अन्त्य गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन् । विरोधप्रदर्शनले उग्ररुप लिएपछि प्रहरीले नैरोबी र आसपासका क्षेत्रबाट प्रदर्शनकारीलाई भगाउन अश्रु ग्यास प्रहार गरेको थियो ।

राजधानीको बाहिरी भागमा रहेको म्लोलोन्गो र किटेनगेला शहरमा पाँच जनाको मृत्यु भएको थियो भने नैरोबीलाई मोम्बासाको बन्दरगाह शहरमा जोड्ने राजमार्गमा आक्रमण गर्ने भीडलाई तितरबितर पार्न अश्रु ग्यास पनि प्रयोग गरिएको थियो, त्यसक्रममा एक जनाको मृत्यु भएको थियो ।

नैरोबीको काङगेमी बस्तीमा दर्जनौं बालबालिकालाई अस्पतालमा भर्ना गरिएको छ । केही अझै बेहोस छन्, उनीहरूको कक्षाकोठा नजिकै अश्रुग्यास प्रहार गरिएको थियो । स्वास्थ्य सेवा कार्यालयका प्रमुखले ५३ जनालाई अस्पताल भर्ना गरिएको बताएका छन् ।

विपक्षी नेता रैला ओडिङ्गाले सरकारविरुद्ध कर कानुनको विरोध अभियानलाई सशक्त तुल्याउँदै प्रदर्शनमा उत्रन आह्वान गरेका थिए । पूर्वसूचना बिना केन्यामा विरोध प्रदर्शन गर्न नपाइने कानुनी व्यवस्था छ । उक्त प्रावधानको अवहेलना गर्दा सुरक्षा निकायले कारवाही गरेका बताइएको छ । प्रहरी प्रमुख जाफेट कोमेले प्रदर्शनकारीलाई तितरबितर गर्न सबै कानूनी उपाय गरिने चेतावनी दिएका छन् ।

## एक सय सात वर्षपछि भारतीय सेना पेरिस परेडमा

नयाँदिल्ली, २८ असार (रासस/एएनआई) ।

समयचक्र एकपटक फेरि घुमेको छ । एक सय सात वर्षपछि भारतीय सेना पेरिस परेडमा सहभागी हुँदैछ । फ्रान्सको राष्ट्रिय दिवसका अवसरमा भोलि शुक्रबार आयोजना हुने परेडमा सहभागी हुन पञ्जाब रेजिमेन्टका सिपाही पेरिस पुगिसकेका छन् ।

सन् १९१६ मा फ्रान्सलाई जर्मनीको कब्जाबाट बचाउन सिख रेजिमेन्टका भारतीय सैनिकहरूको योगदानलाई पेरिसले फेरि सम्झिने छ जब पञ्जाब रेजिमेन्टका जवानले परेडमा भारतीय सेनाको सौर्य प्रदर्शन गर्नेछन् । यो महत्वपूर्ण घटनाले विगतको सम्झनामा भारत र फ्रान्सबीचको स्थायी सम्बन्धलाई पनि उजागर गर्नेछ ।

यो वर्ष फ्रान्सको राष्ट्रिय दिवसका विशेष अतिथि भारतका प्रधानमन्त्री नरेन्द्र मोदी हुनुहुन्छ । त्यसैले भारतीय सेनाका जवानको परेडमा उपस्थितिले अझ महत्व राख्छ । शुक्रबार हुने परेडमा भारतीय सशस्त्र बलका दुई सय ६९ जनाको टोलीले फ्रान्सेली समकक्षी कुममा कुम मिलाएर मार्च गर्नेछ ।

पेरिस र अन्य फ्रान्सेली शहरमा दङ्गा, आगजनी र अशान्तिको पृष्ठभूमिमा फ्रान्स पुगेका भारतीय सैनिकलाई फ्रान्सेली पक्षले उदार हृदयले स्वागत गरेको छ । पहिलो विश्वयुद्धको समयदेखिको यो सम्बन्धलाई अझ सुदृढ बनाउन महत्वपूर्ण योगदान हुने भारतीय सेनाले जनाएको छ ।

पेरिसमा भारतीय सेनाको प्रतिनिधित्व गर्ने पञ्जाब रेजिमेन्ट भारतीय सेनाको सबैभन्दा पुरानो रेजिमेन्टमध्येको एक हो । रेजिमेन्टले दुवै विश्वयुद्ध र स्वतन्त्रतापछिका विभिन्न मिसनमा भाग लिएको छ । इतिहास दोहोरिएको यो क्षणमा साहस र बलिदानको पर्याय बनेको भारतीय सैनिकले गर्वसाथ पेरिस परेडमा भागलिएर भारत-फ्रान्स मैत्री र साझा सैन्य इतिहासलाई पुनःजीवन्त बनाउने छ ।

# कोशी नदी कटान डुबान पीडित संघर्ष समितीद्वारा १५ दिने अल्टिमेटम



**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

६९ वर्ष देखि अडकिएको मुआब्जा समस्या समाधान गर्न कोशी कटान पीडितले माँग गरेका छन् ।

कोशी पीडितहरुले बुधवार सहायक प्रमुख जिल्ला अधिकारी लेबन काश्यप अधिकारी मार्फत प्रधानमन्त्री सहित अन्य सरेकारवालाई ज्ञापन पत्र बुझाउँदै यस्तो माग गरेका हुन् ।

कोशी नदी कटान डुबान पीडित संघर्ष समिती सुनसरी, उदयपुर र सप्तरीले संयुक्तरुपमा बुझाएको ज्ञापन पत्रमा भारत सरकारले सम्झौता गर्दा भएको सहमती अनुसार मुआब्जा र बालीनालीको क्षतिपूर्ती १५ दिन भित्र उपलब्ध नगराइए संघर्षका कार्यक्रमहरु अघि बढाइने चेतावनी समेत दिइएको छ ।

वि.स.२०११ सालमा नेपाल-भारत बीच भएको कोशी सम्झौता अनुसार कोशी योजना अन्तर्गत परेको जग्गाको मुआब्जा तथा क्षति भएको बालीनालीको क्षतिपुर्ती भारत सरकारले दिनु पर्ने उल्लेख रहेको छ । सुनसरीको चतरा देखी भारतीय सिमा क्षेत्र कुनौली बोर्डर सम्मको दुबै तटबन्ध बीचमा पर्ने हजारौ बिगहा बाली कोशीको बाढीले वर्षेणी क्षती हुने गरेको भएपनि यसको क्षतीपुर्ती प्राप्त नभएको ज्ञापन पत्रमा उल्लेख छ ।

सप्तरी, सुनसरी र उदयपुरका पीडित किसानहरुले बालीमा भएको क्षतिको विवरण विराटनगर स्थित सर्म्पक तथा भु-आर्जन कार्यालयमा पठाए पनि क्षतिपुर्ती दिने काम न भएको बारे ज्ञापन पत्रमा ध्यानाकर्षण गराइएको छ ।

किसानहरुको हजारौ विगहा जग्गा कटान भएको तथा बालीमा भएको क्षतिका बारेमा सन.२०१२ मा दिल्लीमा भएको नेपाल-भारत सिचाई जलश्रोत मन्त्रीस्तरीय वैठकमा समेत वाली क्षतिपुर्ती दिने निर्णय भएको, सन २०१४ मा काठमाण्डौमा आयोजित विदेश मन्त्रीस्तरीय बैठकको २६ बुंदे निर्णयमा समेत यो विषय समावेश हुदा पनि अहिले सम्म पीडितहरुले केही पाउन न सकेको संघर्ष समितीका संयोजक महिदेव प्रसाद चौधरीको भनाई छ ।

किसानहरु माथी परेको पिडालाई दृष्टीगत गरी २०६६ साल साउन ३२ गते देखि असोज ८ गते सम्म कोशी ब्यारेजमा रिले अनशन तथा अरु वेला पनि पटक/पटक आन्दोलन गर्दा समेत आफूहरुको माँग बारे सुनुवाई नभएको उनले बताए ।

संघर्ष समितीका कोषाध्यक्ष काशिम अंसारीले कोशी सम्झौताको भारत सरकारबाट पालना र कार्यान्वयन हुनु पर्ने, बालीनालीको क्षतिपुर्ती अविलम्व उपलब्ध गराउनु पर्ने तथा १ सय ९९ वर्ष लिजमा रहेको नेपाली किसानको जग्गा जमिनको सुरक्षा तथा नाप, नक्शा अविलम्बे गरिनु पर्ने आफूहरुको प्रमुख माँग रहेको बताए ।

कोशी सम्झौताको पुर्ण कार्यान्वयन तथा भारतबाट वालीनालीको क्षतिपुर्ती दिलाउने बारे १५ दिन भित्र ठोस निर्णय न भए चतरा देखी कुनौली बोर्डर सम्मको कोशी योजनाद्वारा गरिने निर्माण काममा अवरोधका साथै सडक ठप्प पार्ने ज्ञापन पत्रमा चेतावनी दिएको छ ।

संघर्ष समितीका अध्यक्ष चौधरी, कोषाध्यक्ष अन्सारी, सह संयोजकद्वय ज्योति झा, दुर्गानन्द चौधरी लगायतको अगुवाईमा बुझाइएको ज्ञापन पत्रको बोद्यार्थ भारतीय राजदुतावास, जलसंसाधन विभाग कोशी योजना भारत तथा सर्म्पक तथा भु-आर्जन कार्यालय कोशी योजना विराटनगर समेतलाई दिइएको छ ।

ज्ञापन पत्र बुझ्दै सहायक प्रजिअ अधिकारीले तत्कालै सम्वन्धित निकायमा पठाउने प्रतिबद्धता जनाएका थिए ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८९१८७


# लागू औषधसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

सप्तरीको सुरुङ्गा नगरपालिकाबाट प्रहरीले दुई जनालाई लागु औषधसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा जिल्लाको सुरुङ्गा नगरपालिका वडा नं. १ का अनोज कुमार केसी र घनश्याम राउत छन् ।

वडा नं. १ पन्द्रकट्टेमा लागु औषधको कारोबार भइरहेको सूचना पाएपछि भेडिया इलाका प्रहरी कार्यालयको टोलीले खानतलासी पछि दुबै जनालाई पक्राउ गरेको जनाएको छ ।

प्रहरीले खानतलासी गर्दा स्पास्मो पिआरप्राक्सोभोआ उगिक लेखिएको २ सय २४ थान ट्याब्लेट, डायलेकस डिसी लेखिएको १ सय ५९ बोतल कोरेक्स र २ सय ग्राम गाँजा बरामद गरेको हो ।

बरामद गरिएका लागुऔषध र दुबै जनालाई प्रहरीले नियन्त्रणमा लिई बिहीबार सप्तरी जिल्ला अदालतबाट म्याद लिई थप गराई अनुसन्धानको कार्य शुरु गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# करेन्ट लागेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २८ असार ।**

सप्तरीको सुरुङगा नगरपालिकामा एक बृद्धको करेनट लागेर बुधबार मृत्यु भएको छ ।

मृत्यु हुनेमा वडा नं. ५ कुशहा बस्ने ६५ वर्षिय हवाई चौधरी छन् । आफ्नै घर बिद्युतको तार जोड्ने क्रममा अचानक करेन्ट लागि घाईते भएका चौधरीलाई उपचारका लागि सप्तऋषि अस्पताल लहानमा लगिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## श्रमिकको तलब २५ ...

अनौपचारीक र उत्पादन क्षेत्रमा संलग्न लाखौं श्रमिकलाई आकाशिदो बाजार मूल्यले हात-मुख जोडने समस्यामा समेत पारेको उल्लेख गर्दै ज्ञापन पत्र मार्फत हाल निर्धारण गरिएको अव्यवहारिक र अपूग पारिश्रमिकलाई समयसापेक्ष बनाउन माग गरिएको छ ।

उत्पादकत्व वृद्धि र देश समृद्ध बनाउन पनि श्रमिकहरुको जीवनस्तरमा सुधार ल्याउनु जरुरी रहेको उल्लेख गर्दै ज्ञापन पत्र मार्फत श्रमिकको मासिक पारिश्रमिक २५ हजार निर्धारण नगरिए कडा आन्दोलनमा जाने चेतावनी समेत दिइएको छ ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी थापाले तत्कालै सो ज्ञापन पत्र सम्बन्धित मन्त्रालयमा पठाउने प्रतिबद्धता जनाएको ट्रेड यूनियन काँग्रेस सप्तरीले जनाएको छ ।


## सप्तरी क्रिकेट संघको सुचना

सुचना प्रकाशित मिति : २०८०।३।२७ गते ।

नेपाल क्रिकेट संघको विधान २०५५ को चौथो संशोधन २०८० बमोजिम तल उल्लेखित मापदण्ड पुगेका व्यक्ति तथा क्लबलाई सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र सक्कलै प्रमाण सहित सदस्यता लिन तथा पुराना सदस्यलाई नवीकरणको लागि अनुरोध गरिन्छ । संघको विधान अनुसार साधारण सदस्यता लिएका व्यक्ति तथा क्लबहरु मात्र अगामी जिल्लाको साधारणसभामा भाग लिन योग्य हुनेछ ।

**सदस्यताका लागि मापदण्डहरु :**

१. विगत ३ अलग अलग वर्षमा ३ वटा राष्ट्रिय प्रतियोगिता (सिनियर) खेलेका पुर्व खेलाडिहरु (प्रमाण अनिवार्य)
२. एउटा अन्तराष्ट्रिय क्रिकेट प्रतियोगिता खेलेका पुर्व अन्तराष्ट्रिय खेलाडिहरु (प्रमाण अनिवार्य)
३. आइसिसि, एसिसि र नेपाल क्रिकेट संघद्धारा आयोजित प्रशिक्षण कार्यक्रमबाट श्रेणि (क) उतिर्ण गरेका अम्पाएर कोच तथा स्कोररहरु ।
४. दुई कार्यकाल नेपाल क्रिकेट संघ, क्षेत्रिय क्रिकेट विकास समिति वा जिल्ला क्रिकेट संघमा बसेका सदस्यहरु ।
५. विगत ८ वर्षमा सप्तरी जिल्ला क्रिकेट संघद्धारा आयोजित जिल्ला स्तरीय क्रिकेट प्रतियोगितामा २ वा सो भन्दा बढीमा भाग लिएका प्रमाण पेश गर्ने क्लब एकेडेमीहरु (सुचना प्रकाशन भएको मिति सम्म नेपाल सरकारको निकायमा दर्ता र नवीकरण भएका क्लब क्रिकेट एकेडेमीहरु)

**सदस्यता शुल्क :**

१. साधारण सदस्य : रु. ५००।०० साथै ४ वर्षको अग्रिम दस्तुर वापत २५०।०० का दरले रु. १०००।०० गरि जम्मा १५००।०० मात्र ।
२. क्लबका लागि : रु. ५०००।०० बार्षिक नविकरण रु. १०००।०० (एक मुष्ट ६ हजार) ।

**नोट :** माथि उल्लेखित योग्यता पुगेका व्यक्ति वा क्लबहरुले सदस्यता लिन आउदा अनिवार्य रुपमा योग्यता पुगेको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

भवदिय :
सप्तरी क्रिकेट संघ
राजबिराज सप्तरी

सम्पर्क नम्बर :९८०१५७७९१८ (चन्दन यादव), ९८०५९८१३८४ (निरज सिंह), ९८०७७३०८६६ (मनोज साह)



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*